नेपाल सरकार
# अर्थ मन्त्रालय
सिंहदरबार, काठमाडौं
नेपाल ।

पत्र संख्या - २०७७/७८ मार्गदर्शन
च न - १

मिति:२०७७/४/१

**विषयः आर्थिक वर्ष २०७७/७८ को बजेट कार्यान्वयन सम्बन्धी मार्गदर्शन।**

प्रिय सहकारीज्यू,

विनियोजन ऐन, २०७७ संघीय संसदबाट पारित भई मिति २०७७/३/१५ का दिन सम्माननीय राष्ट्रपतिज्यूबाट प्रमाणीकरण भइसकेको व्यहोरा यहाँलाई अवगत नै छ। उक्त ऐन अनुसार आर्थिक वर्ष २०७७/७८ का लागि तहाँ अन्तर्गतको निकायहरूमा विनियोजित रकमको प्रचलित कानुन बमोजिम खर्च गर्ने/गराउने, लेखा राख्ने, प्रतिवेदन गर्ने र लेखापरीक्षण गर्ने/गराउने समेतको जिम्मेवारी तहाँबाट हुने विश्वास लिएको छु। कोभिड-१९ को संक्रमण रोकथाम, नियन्त्रण र उपचारका लागि चालिएका कदमहरूबाट आर्थिक क्रियाकलापमा कमी आएका कारण स्रोत परिचालनमा चुनौती सिर्जना भएको र स्वास्थ्य क्षेत्रमा प्राथमिकताका साथ बजेट व्यवस्थापन गर्नु परेकोले खर्चमा थप मितव्ययिता, प्रभावकारिता र दक्षता कायम गर्नु हुनेछ। समग्र वित्त अनुशासन कायम गर्ने उद्देश्य प्राप्तिको लागि बजेट, निकासा, खर्च र नियन्त्रण लगायत वित्तीय उत्तरदायित्व कायम गर्न विनियोजन ऐन, २०७७ र आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को अनिवार्य रुपमा परिपालन गर्नु/गराउनु हुनेछ। विनियोजन ऐन, २०७७ को दफा ९ बमोजिम बजेट कार्यान्वयन सम्बन्धमा यो मार्गदर्शन प्रेषित गरेको छु।

आर्थिक वर्ष २०७७/७८ को बजेट कार्यान्वयनलाई प्रभावकारी बनाउन देहाय बमोजिम व्यवस्था मिलाइएको हुँदा सो बमोजिम गर्नु/गराउनु हुन अनुरोध गर्दछु।

**(क) अख्तियारी, कार्यक्रम स्वीकृति तथा बजेट बाँडफाँट**

१. मन्त्रालयगत बजेट सूचना प्रणाली (Line Ministry Budget Information System-LMBIS) मा समावेश भएको कार्यक्रमलाई नै स्वीकृत कार्यक्रम र खर्च गर्ने अख्तियारी मानी सम्बन्धित कोष तथा लेखा नियन्त्रक कार्यालयले बजेट कार्यान्वयन गर्न सम्बन्धित इकाईलाई बजेट निकासा गर्नेछन्।

२. कुनै निकायमा एकभन्दा बढी इकाईबाट खर्च गर्ने गरी रकम विनियोजन भएको भए २०७७ असोज मसान्तसम्म रकम बाँडफाँट गरी सोको जानकारी अर्थ मन्त्रालय र सम्बन्धित कोष तथा लेखा नियन्त्रक कार्यालयलाई दिनु हुनेछ।

३. खर्च शीर्षक नं. २८९११ (भैपरी आउने- चालु खर्च) र ३१५११ (भैपरी आउने- पूँजीगत खर्च) मा विनियोजित बजेट अर्थ मन्त्रालयबाट बाँडफाँट स्वीकृत गराएर मात्र खर्च गर्नु पर्नेछ। यस्तो बाँडफाँट २०७७ असोज मसान्तभित्र गरिसक्नु पर्नेछ। वार्षिक स्वीकृत कार्यक्रमका लागि

टेलिफोन नं.:- बजेट म. ४२११८०१, प्रशासन म. ४२११७४८, ४२११३००, राजस्व व्य.म. ४२११८६७, अ.आ.स.स.म. ४२११८३७, आ.नि.वि.म. ४२११८२६
योजना, अनुगमन तथा मू.म ४२००५३७, कानून तथा फैसला का.म. ४२११८१३, वि.क्षे.व्य.सं.स.म. ४२११९९३. वित्तीय हस्तान्तरण म ४२११३१६
फ्याक्स नं. ४२१११६४, ४२११३४८ (बजेट म.) ४२१११६५ (अ.आ.स.स.म.)

विनियोजित बजेट दोस्रो चौमासिकसम्म खर्च नभएको वा बाँकी अवधिमा खर्च हुन नसक्ने भएमा त्यस्तो रकम २०७७ चैत १५ गतेभित्र अनिवार्य रूपमा समर्पण गर्नु हुनेछ।

**(ख) योजना/कार्यक्रम हस्तान्तरण र कार्यान्वयन**

४. विनियोजन ऐन, २०७७ को दफा ५ बमोजिम नेपाल सरकारको कुनै निकायबाट कार्यान्वयन हुने गरी विनियोजन भएको कुनै योजना वा कार्यक्रम प्रदेश तथा स्थानीय तहमार्फत कार्यान्वयन गर्नुपर्ने भएमा प्रदेश तथा स्थानीय तहबाट कार्यक्रम कार्यान्वयन गर्ने/गराउने व्यवस्था मिलाउनु हुनेछ।

५. प्रदेश तथा स्थानीय तहको बजेट तथा कार्यक्रममा समावेश भएको कुनै कार्यक्रम वा आयोजना प्रदेश तथा स्थानीय तहले नेपाल सरकारको सम्बन्धित कार्यालयमार्फत कार्यान्वयन गराउन आवश्यक ठानेमा नेपाल सरकारको सम्बन्धित मन्त्रालय र अर्थ मन्त्रालयको स्वीकृति लिई सम्बन्धित प्रदेश तथा स्थानीय तहले त्यस्तो कार्यक्रम वा आयोजना नेपाल सरकारको सम्बन्धित कार्यालयमार्फत कार्यान्वयन गर्ने व्यवस्था मिलाउनु हुनेछ।

६. प्रदेश तथा स्थानीय तहले कार्यान्वयन गर्ने वा बुंदा नं. ५ बमोजिम भएको निर्णयलाई खर्च गर्ने अख्तियारी मानी संघको एकल खाता कोष प्रणालीमा सम्बन्धित प्रदेश तथा स्थानीय तहको कार्यालयलाई अर्थ मन्त्रालयमार्फत कार्यालय कोड लिई सम्बन्धित कोष तथा लेखा नियन्त्रक कार्यालयबाट संघीय निकायको रूपमा प्रचलित संघीय कानुन बमोजिमको रकम निकासा लिने व्यवस्था मिलाउनु हुनेछ।

७. बुंदा नं. ४ र ५ बमोजिम गरिएको व्यवस्थाको जानकारी महालेखा नियन्त्रक कार्यालय, सम्बन्धित प्रदेश तथा स्थानीय तह, सम्बन्धित कोष तथा लेखा नियन्त्रक कार्यालय र सम्बन्धित प्रदेश लेखा नियन्त्रक कार्यालयलाई दिनु हुनेछ।

८. विषयगत मन्त्रालयले प्रदेश तथा स्थानीय तहमा कार्यान्वयन हुने सशर्त अनुदान, समपूरक अनुदान र विशेष अनुदान अन्तर्गत सञ्चालन हुने आयोजना तथा कार्यक्रमहरूको अध्यावधिक अभिलेख राख्नु हुनेछ। सशर्त अनुदानबाट सञ्चालन हुने आयोजना/कार्यक्रमको लागि थप बजेट माग गर्दा विषयगत मन्त्रालयमार्फत अर्थ मन्त्रालयमा पठाउने व्यवस्था मिलाउनु हुनेछ।

९. विनियोजन ऐन, २०७७ बमोजिम प्रदेश तथा स्थानीय तहले सशर्त अनुदान अन्तर्गतका हस्तान्तरण भएका कार्यक्रम वा आयोजना कार्यान्वयन गर्दा थप रकम आवश्यक भएमा सशर्त अनुदानमा हस्तान्तरण हुँदाका बखतका साविकका आयोजनाको शुरू सम्झौता बमोजिमको रकम, थप रकम माग गरेको दिनसम्मको खर्च, आयोजना सम्पन्न हुने मिति र आवश्यक पर्ने थप रकमसहित त्यस्तो आयोजना/कार्यक्रमको कार्य प्रगतिको आधारमा मात्र थप रकम माग गर्ने व्यवस्था मिलाउनु हुनेछ।

टेलिफोन नं.:- बजेट म. ४२११८०१, प्रशासन म. ४२११७४८, ४२११३००, राजस्व व्य.म. ४२११८६७, अ.आ.स.स.म. ४२११८३७, आ.नि.वि.म. ४२११८२६
योजना, अनुगमन तथा मू.म ४२००५३७, कानून तथा फैसला का.म. ४२११८१३, वि.क्षे.व्य.सं.स.म. ४२११९९३. वित्तीय हस्तान्तरण म ४२११३१६
फ्याक्स नं. ४२१११६४, ४२११३४८ (बजेट म.) ४२१११६५ (अ.आ.स.स.म.)
ईमेल admindivision@mof.gov.np, वेब साईट : www.mof.gov.np

१०. प्रदेश वा स्थानीय तहको आयोजना तथा कार्यक्रम नेपाल सरकारको सम्बन्धित कार्यालयमार्फत कार्यान्वयन गर्ने निर्णय भएमा स्थानीय तहले संघीय निकायको नाममा सम्बन्धित कोष तथा लेखा नियन्त्रक कार्यालयमा रहेको कार्य सञ्चालन कोष खातामा जम्मा हुने गरी रकम निकासा लिने व्यवस्था मिलाउनु हुनेछ। यसको प्रतिवेदन र लेखा परीक्षण सम्बन्धित तहले नै गर्नु/गराउनु पर्नेछ।

११. प्रदेश वा स्थानीय तहमा सशर्त अनुदानबाट सञ्चालन हुने कार्यक्रम वा आयोजना कार्यान्वयनको लागि द्विविधा पर्न गएमा समस्याको निराकरण गर्ने/गराउने व्यवस्था मिलाउनु हुनेछ।

१२. अन्तर सरकारी वित्तीय हस्तान्तरणमार्फत प्रदेश वा स्थानीय तहमा सशर्त अनुदानबाट सञ्चालन हुने कार्यक्रम वा आयोजना कार्यान्वयन गर्ने सन्दर्भमा खर्चका स्वीकृत मापदण्ड र कार्यविधि सम्बन्धित प्रदेश तथा स्थानीय तहमा उपलब्ध गराउने व्यवस्था मिलाउनु हुनेछ।

१३. अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा ९ (२) बमोजिम सशर्त अनुदान प्रदान गर्दा नेपाल सरकारले आयोजना कार्यान्वयन गर्ने सम्बन्धमा आवश्यक शर्त तोक्नेछ र सम्बन्धित प्रदेश तथा स्थानीय तहले त्यस्तो शर्तको पालना गर्नुपर्ने व्यवस्था भए बमोजिम वैदेशिक सहायतामा सञ्चालित आयोजना कार्यान्वयन गर्दा दातृ निकायसँग गरेको वित्तीय सम्झौता तथा आयोजना कार्यान्वयन निर्देशिकामा भएका व्यवस्थाहरू पालना गर्नु/गराउनु हुनेछ।

१४. प्रदेश वा स्थानीय तहमा हस्तान्तरण हुने सशर्त अनुदानमा समावेश भएको वैदेशिक स्रोततर्फको खर्चको विवरण तत्काल प्राप्त गरी सोधभर्ना माग गर्ने र यसको अभिलेख राख्ने व्यवस्था अनिवार्य रूपमा पालना गर्नु/गराउनु हुनेछ।

१५. वैदेशिक सहायता समावेश भएको सशर्त अनुदानका कार्यक्रमको हकमा अन्य विषयको अतिरिक्त वित्तीय सम्झौता र आयोजना कार्यान्वयन निर्देशिकामा भएका व्यवस्था कार्यान्वयनको शर्तको रूपमा रहनेछन्। उक्त सम्झौता तथा निर्देशिका बमोजिमको व्यवस्था कार्यान्वयन नहुँदा खर्चको सोधभर्ना दातृ निकायबाट प्राप्त नहुने भएकोले उक्त व्यवस्था अनिवार्य पालन गरी/गराई सोधभर्ना लिने व्यवस्था मिलाउनु हुनेछ। सम्झौता र निर्देशिकाको कागजात सम्बन्धित प्रदेश तथा स्थानीय तहलाई उपलब्ध गराउनु हुनेछ।

**(ग) बजेट निकासा तथा बजेट कार्यान्वयन व्यवस्था**

१६. कार्यक्रम/आयोजना कार्यान्वयनका लागि आवश्यक पर्ने कुनै नयाँ ऐन तर्जुमा गर्नुपर्ने वा विद्यमान ऐन संशोधन गर्नुपर्ने भएमा ऐनको मस्यौदा असोज मसान्तसम्म नेपाल सरकार, मन्त्रिपरषद्मा पेश गरिसक्नु पर्नेछ। विद्यमान नियमावली, कार्यविधि, निर्देशिका, मापदण्ड र मार्गदर्शन संशोधन गर्नुपर्ने भए साउन मसान्तभित्र र नयाँ तर्जुमा गर्नुपर्ने भए भाद्र मसान्तसम्म अनिवार्य रूपमा सम्पन्न गर्नु पर्नेछ।

टेलिफोन नं.:- बजेट म. ४२११८०१, प्रशासन म. ४२११७४८, ४२११३००, राजस्व व्य.म. ४२११८६७, अ.आ.स.स.म. ४२११८३७, आ.नि.वि.म. ४२११८२६
योजना, अनुगमन तथा मू.म ४२००५३७, कानून तथा फैसला का.म ४२११८१३, वि.क्षे.व्य.सं.स.म. ४२११९९३. वित्तीय हस्तान्तरण म ४२११३१६
फ्याक्स नं. ४२१११६४, ४२११३४८ (बजेट म.) ४२१११६५ (अ.आ.स.स.म.)

नेपाल सरकार
अर्थ मन्त्रालय

सिंहदरबार, काठमाडौं
नेपाल ।

पत्र संख्या -

च न

१७. कार्यक्रम/आयोजना सम्पन्न गर्ने अवधिभरका लागि जनशक्ति योजनासहित आवश्यक अस्थायी दरबन्दी साउन मसान्तभित्र स्वीकृत गराई सक्नु पर्नेछ।

१८. स्वीकृत वार्षिक कार्यक्रममा परेका आयोजनाको तयारीका चरणहरू पूरा गरी कार्यक्रम/आयोजनाको चौमासिक विभाजन सहितको वार्षिक खरिद योजना, विस्तृत डिजाइन र लागत अनुमान तयार गरी साउन मसान्तभित्र स्वीकृत गरी बोलपत्र आव्हान समेत गरिसक्नु हुनेछ। असोज मसान्तभित्र बोलपत्र मूल्याङ्कन गरी ठेक्का सम्झौता गर्नु हुनेछ। ठेक्का सम्झौता भएको १५ दिनभित्र कार्य शुरु गर्ने गरी कार्यदिश दिने व्यवस्था मिलाउनु हुनेछ।

१९. विनियोजित बजेट तथा स्वीकृत कार्यक्रममा नपरेका कार्यक्रम/आयोजनाको कार्यान्वयन प्रक्रिया अगाडि बढाउनु हुने छैन। यसरी विनियोजित बजेट र स्वीकृत कार्यक्रममा नपरेका कार्यक्रम/आयोजनाको कार्यान्वयन प्रक्रिया अगाडि बढाएमा सम्बन्धित पदाधिकारी नै जिम्मेवार हुनु पर्नेछ। विनियोजित बजेट र स्वीकृत कार्यक्रममा नपरेको कार्यक्रम/आयोजना लागि बजेट निकासा, रकमान्तर तथा कार्यक्रम संशोधन माग गर्नु हुने छैन। त्यस्तो रकम निकासा माग भई आएमा निकासा नदिने व्यहोरा मातहतका निकायहरूलाई समेत जानकारी गराउनु हुनेछ।

२०. तोकिएको परिमाण, लागत, गुणस्तर र समयसीमाभित्र निर्माण कार्य सम्पन्न गर्ने निर्माण व्यवसायीलाई कानुन बमोजिम वित्तीय तथा गैर वित्तीय प्रोत्साहन उपलब्ध गराउने व्यवस्था मिलाउनु हुनेछ। तोकिएको गुणस्तर कायम नगर्ने र समयभित्र कार्य शुरु नगर्ने, कार्ययोजना अनुरूप काम नगर्ने र कार्य सम्पन्न नगर्ने निर्माण व्यवसायीलाई कानुन बमोजिम कारवाही गरी कानुन बमोजिम निर्माण व्यवसायीसँगको ठेक्का सम्झौता रद्द गर्ने व्यवस्था मिलाउनु हुनेछ।

२१. निर्माण व्यवसायीले ठेक्का सम्झौता गरेपछि सम्झौता बमोजिमका सबै वा केही कार्यका लागि सहायक ठेक्का सम्झौता गर्ने भएमा अनिवार्य रूपमा सम्बन्धित आयोजना प्रमुखको लिखित रूपमा पूर्व स्वीकृति लिनुपर्ने व्यवस्था मिलाउनु हुनेछ। अति आवश्यक कार्यका लागि बाहेक एक तहभन्दा बढी तहमा सहायक ठेक्का सम्झौता गर्न नपाइने व्यवस्था गर्नु हुनेछ। राष्ट्रिय सतर्कता केन्द्रबाट रू.१० करोडभन्दा माथिका आयोजनाको निर्माण गुणस्तरको प्राविधिक परीक्षण गराउनु हुनेछ। निर्धारित समय र लागतमा काम सम्पन्न गर्न र गुणस्तर कायम गर्न आयोजना प्रमुख तथा निर्माण व्यवसायीलाई उपलब्धी (Outcome) प्रति जवाफदेही हुने प्रणालीको विकास गर्नु/गराउनु हुनेछ।

२२. आयोजना प्रमुख लगायत अन्य कर्मचारीलाई स्पष्ट कार्य विवरण, कार्यसम्पादन सूचकहरू, आवश्यक अधिकार एवं जिम्मेवारी र उत्तरदायित्व सहित आयोजनामा खटाउनु हुनेछ। यसरी कर्मचारी खटाउँदा कर्मचारीको योग्यता, क्षमता, अनुभव, इमान्दारिता र आयोजना कार्यान्वयनमा विगतमा हासिल गरेको सफलताको अभिलेखलाई आधार बनाउनु हुनेछ।

टेलिफोन नं.:- बजेट म. ४२११८०१, प्रशासन म. ४२११७४८, ४२११३००, राजस्व व्य.म. ४२११८६७, अ.आ.स.स.म. ४२११८३७, आ.नि.वि.म. ४२११८२६
योजना, अनुगमन तथा मू.म ४२००५३७, कानून तथा फैसला का.म. ४२११८१३, वि.क्षे.व्य.सं.स.म. ४२११९९३. वित्तीय हस्तान्तरण म. ४२११३१६
फ्याक्स नं. ४२१११६४, ४२११३४८ (बजेट म.) ४२१११६५ (अ.आ.स.स.म.)
ईमेल admindivision@mof.gov.np, वेब साईट : www.mof.gov.np

नेपाल सरकार
# अर्थ मन्त्रालय
सिंहदरबार, काठमाडौं
नेपाल ।


पत्र संख्या :-
च न -२३. आयोजनामा खटिने कर्मचारीलाई आयोजनाको प्राविधिक पक्ष, कार्यान्वयन विधि, अपेक्षित प्रतिफल र उपलब्धि, अन्तर निकाय समन्वय लगायतका विषयहरूमा शुरुमै अभिमुखीकरण तालिम प्रदान गर्नु हुनेछ। कर्मचारी सरूवा, पदस्थापन लगायतका कार्य ढिला हुँदा कार्यक्रम/आयोजना कार्यान्वयनमा बाधा उत्पन्न भएकोले कर्मचारी सरूवा/पदस्थापन गर्न आवश्यक भएमा यथाशीघ्र सम्पन्न गर्नु हुनेछ।

२४. कार्यक्रम/आयोजनाको भौतिक प्रगति र गुणस्तरसमेतका आधारमा मात्र भुक्तानी दिने व्यवस्था मिलाउनु हुनेछ। पहिलो चौमासिक निकासा/भुक्तानीको लागि भौतिक प्रगति आवश्यक पर्ने छैन। दोस्रो र तेस्रो चौमासिक निकासा/भुक्तानीका लागि सो अवधिसम्मको भौतिक प्रगति न्यूनतम ५० प्रतिशत हुनु पर्नेछ। सोभन्दा कम भौतिक प्रगति भएको अवस्थामा सहकारीज्यूबाट आगामी चौमासिक अवधिमा भौतिक प्रगति पूरा गर्ने प्रतिवद्धता प्राप्त गरी निकासा/भुक्तानी व्यवस्था मिलाउनु हुनेछ।

२५. आयोजना कार्यान्वयनमा सहजता ल्याउन वातावरणीय प्रभाव मूल्याङ्कन र प्रारम्भिक वातावरणीय परीक्षणका कार्यहरू प्रचलित कानुनमा तोकिएको न्यूनतम समयसीमा भित्र सम्पन्न गर्नु हुनेछ।

२६. वैदेशिक ऋण वा अनुदान सम्झौता प्रभावकारी नभएसम्म उक्त आयोजनाको वैदेशिक स्रोतको बजेट र नेपाल सरकारको समपूरक कोष (Matching Fund) समेत खर्च शीर्षकगत आधारमा रोक्का रहनेछ। तर पूर्व प्रभावी वित्तीय (Retroactive Financing) सम्झौता भएको हकमा अर्थ मन्त्रालयको सहमतिमा भुक्तानी दिन सकिनेछ।

२७. कार्यक्रम/आयोजना विशेषका लागि सम्झौता भई सोधभर्ना प्राप्त हुने सुनिश्चित भएको आयोजनाको र IDA/DPC, IMF/RCF र ADB/DBL बजेटरी सपोर्ट सहायतातर्फको पहिलो चौमासिक बजेट फुकुवा गरिएको छ। सो बाहेक अन्य सबै ऋण तथा अनुदानको भुक्तानी दिनु पूर्व महालेखा नियन्त्रक कार्यालयमार्फत यस मन्त्रालयको स्वीकृति लिनु हुनेछ । वैदेशिक स्रोततर्फको बजेट रकम खर्च गर्नु पूर्व उक्त स्रोतबाट रकम प्राप्त हुने सुनिश्चितता गरेर मात्र खर्च गर्ने व्यवस्था मिलाउनु हुनेछ। कुनै कारणले भुक्तानी विधि फरक परेकोमा २०७७ भदौ मसान्तभित्र परिमार्जन गर्न लेखी पठाउनु हुनेछ।

२८. कोभिड-१९ को संक्रमण व्यवस्थापनको लागि गरिएको लकडाउन र अन्तर्राष्ट्रिय सीमाबाट आवात जावत स्थगन गरिएका कारण आर्थिक वर्ष २०७६/७७ भित्र सम्पन्न हुने गरी सम्झौता भएका कार्यक्रम/आयोजना सम्पन्न नभई साविकमा भएको सम्झौता बमोजिमका कामबाट आर्थिक वर्ष २०७७/७८ मा सिर्जित दायित्व विनियोजित बजेटको सीमा भित्रैबाटै भुक्तानीको व्यवस्था मिलाई कार्यक्रम/आयोजनाको लागि खर्च गर्नु पर्नेछ।

टेलिफोन नं.:- बजेट म. ४२११८०१, प्रशासन म. ४२११७४८, ४२११३००, राजस्व व्य.म. ४२११८६७, अ.आ.स.स.म. ४२११८३७, आ.नि.वि.म. ४२११८२६
योजना, अनुगमन तथा मू.म ४२००५३७, कानून तथा फैसला का.म ४२११८१३, वि.क्षे.व्य.सं.स.म. ४२११९९३. वित्तीय हस्तान्तरण म ४२११३१६
फ्याक्स नं. ४२१११६४, ४२११३४८ (बजेट म.) ४२१११६५ (अ.आ.स.स.म.)
ईमेल admindivision@mof.gov.np, वेब साईट : www.mof.gov.np

च न -२९. बहुवर्षीय ठेक्कामा गएका कार्यक्रम/आयोजनाका लागि विनियोजित बजेटबाटै कार्यान्वयन गर्नु/गराउनु हुनेछ। बहुवर्षीय ठेक्का सम्झौताबाट सिर्जित दायित्वको लागि पर्याप्त बजेट विनियोजन गरेर मात्र अन्य कार्यक्रममा बाँडफाँट गर्नु हुनेछ। सडक, पुल, बाँध, सिंचाई नहर जस्ता लामो समयसम्म सञ्चालनमा रहने रू.५ करोडभन्दा माथिका पूर्वाधार आयोजनाको हकमा नयाँ आयोजनाको ठेक्का व्यवस्थापन गर्दा निर्माण सम्पन्न भएपछि कम्तीमा पाँच वर्षसम्म सम्बन्धित निर्माण व्यवसायीले नै मर्मत गर्ने व्यवस्था मिलाउनु हुनेछ।

३०. सोधभर्ना निर्देशिका बमोजिम थ्रेसहोल्ड रकम पुगिसकेकोमा तुरुन्तै र थ्रेसहोल्ड रकम नपुगेकोमा चौमासिक अवधि समाप्त भएको अर्को चौमासिक अवधिभित्र सम्बन्धित आयोजना व्यवस्थापन कार्यालयबाट सोधभर्ना माग गर्न लगाउनु हुनेछ। मासिक खर्चको फाँटवारी पठाउँदा सोझै भुक्तानी र वस्तुगत सहायताको प्रतिवेदन समेत अनिवार्य रूपमा सम्बन्धित कोष तथा लेखा नियन्त्रक कार्यालयमा पेश गर्न लगाउनु हुनेछ। आयोजना व्यवस्थापन कार्यालयले सोधभर्ना माग गरेको विवरण महालेखा नियन्त्रक कार्यालयलाई अनिवार्य रूपमा जानकारी गराउनु हुनेछ। सार्वजनिक ऋणका हकमा सार्वजनिक ऋण व्यवस्थापन कार्यालयलाई समेत जानकारी दिने व्यवस्था मिलाउनु हुनेछ। निर्धारित समयभित्र सोधभर्ना प्रक्रिया शुरु नगरेमा अर्को चौमासिकको निकासा रोक्का गरिनेछ। समयमै सोधभर्ना माग नगर्ने आयोजना प्रमुख र लेखा प्रमुखलाई आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ बमोजिम कारबाही गर्नु/गराउनु हुनेछ।

३१. सार्वजनिक निकायमा स्वदेशी वस्तुको उपयोग गर्ने सम्बन्धी निर्देशिका, २०६९ अनुसार मालसामान तथा वस्तु खरिद गर्ने व्यवस्था मिलाउनु हुनेछ ।

३२. सडक निर्माणको लागि ठेक्का आव्हान गर्दा खानेपानी तथा ढल, विजुलीको पोल/तार व्यवस्थापन वा भूमिगत गर्ने समेतको काम एउटै प्याकेजमा समावेश गरी बोलपत्र आव्हान गरी कार्यान्वयन गराउनु हुनेछ।

३३. विपद्को अवस्था, नेपाल सरकार मन्त्रिपरिषद्को निर्णय र विशेष अवस्थामा बाहेक विनियोजनको सीमाभन्दा बढी थप निकासा दिइने छैन। विनियोजित रकमको सीमाभित्रै रही कार्यक्रम कार्यान्वयन गर्नु/गराउनु हुनेछ।

**(घ) बजेट खर्च, रकमान्तर, कार्यक्रम संशोधन तथा प्रतिवेदन**

३४. मन्त्रालयगत बजेट सूचना प्रणाली (LMBIS) मा समावेश भएका कुनै कार्यक्रममा संशोधन गर्नुपर्ने भएमा उद्देश्यभन्दा फरक पर्ने गरी कार्यक्रम संशोधन गर्न यस मन्त्रालयको सहमति लिनुपर्नेछ। तर,

(क) मन्त्रालयगत बजेट सूचना प्रणाली (LMBIS) मा समावेश भएको कार्यक्रममा उल्लिखित क्रियाकलापको वार्षिक लक्ष्य नघट्ने गरी नेपाल सरकारको स्रोततर्फ सम्बन्धित निकायको

टेलिफोन नं.:- बजेट म. ४२११८०१, प्रशासन म. ४२११७४८, ४२११३००, राजस्व व्य.म. ४२११८६७, अ.आ.स.स.म. ४२११८३७, आ.नि.वि.म. ४२११८२६
योजना, अनुगमन तथा मू.म ४२००५३७, कानून तथा फैसला का.म ४२११८१३, वि.क्षे.व्य.सं.स.म. ४२११९९३. वित्तीय हस्तान्तरण म ४२११३१६
फ्याक्स नं. ४२११६४, ४२११३४८ (बजेट म.) ४२११६५ (अ.आ.स.स.म.)
ईमेल admindivision@mof.gov.np, वेब साईट : www.mof.gov.np

लेखा उत्तरदायी अधिकृतले विनियोजन ऐन, २०७७ को दफा ८ को उपदफा (७) को (क), (ख) र (ग) बमोजिम कार्यक्रम संशोधन तथा रकमान्तर गर्नु/गराउनु हुनेछ। विनियोजन ऐन, २०७७ को दफा ८ को उपदफा (७) बमोजिम गरिएको रकमान्तर/कार्यक्रम संशोधनलाई सोही ऐनको दफा (८) को उपदफा (८) बमोजिम लेखा उत्तरदायी अधिकृतले LMBIS मा प्रविष्ट समेत गर्नु/गराउनु हुनेछ।

(ख) चौमासिक विभाजन संशोधन गर्नुपर्ने भएमा सम्बन्धित निकायले एक तह माथिको कार्यालय प्रमुखको स्वीकृति लिनुपर्ने वा राजपत्रांकित विशिष्ट श्रेणीको अधिकारीले स्वयं कार्यक्रम संशोधन गर्न सक्नेछ। यसरी कार्यक्रम संशोधन गर्दा साविकको बजेट घट्ने देखिएमा सम्बन्धित मन्त्रालयले LMBIS मा बजेट रोक्का राखी संशोधन गर्नु/गराउनु हुनेछ।

३५. प्रचलित कानुन बमोजिम कार्यक्रम संशोधन गर्नु परेमा, कार्यक्रम संशोधनको प्रक्रिया, रकमान्तर, स्रोतान्तर र थप निकासा लगायतका प्रक्रिया पूरा गरी LMBIS प्रविष्ट गरेपछि मात्र खरिद प्रक्रिया अगाडि बढाउनु पर्नेछ। सामान्यतः प्रथम चौमासिक अवधिसम्ममा कुनै पनि रकमान्तर र कार्यक्रम संशोधन गरिने छैन।

३६. चालु आर्थिक वर्षको स्वीकृत कार्यक्रम र बजेटको आधारमा बहुवर्षीय खरिद/ठेक्का गर्नु परेमा आयोजनाहरूको बहुवर्षीय ठेक्का सम्बन्धी स्वीकृत मापदण्ड बमोजिम राष्ट्रिय योजना आयोगबाट स्वीकृति लिई बजेट व्यवस्थाका लागि अर्थ मन्त्रालयको सहमति अनिवार्य लिनु पर्नेछ।

३७. खर्च, राजस्व, कार्य सञ्चालन कोष तथा अन्य कोष, सम्पत्ति तथा दायित्व र धरौटीको लेखा राख्दा महालेखा नियन्त्रक कार्यालयले तोकेको विद्युतीय सूचना प्रणालीबाट राख्ने र प्रतिवेदन गर्ने समेत व्यवस्था मिलाउनु हुनेछ।

३८. अर्थ मन्त्रालयको सहमति विना अनिवार्य दायित्व अन्तर्गत पर्ने खर्च शीर्षक तलब, भत्ता, स्थानीय भत्ता, पोशाक, खाद्यान्न, घरभाडा लगायतका अनिवार्य दायित्वका खर्च शीर्षकबाट अन्यत्र रकमान्तर गर्न पाइने छैन। तलब, भत्ता, पोशाक, खाद्यान्न, पानी तथा बिजुली, संचार महसुल र घरभाडामा आगामी वर्षको लागि दायित्व नसर्ने गरी खर्च व्यवस्थापन गर्नु/गराउनु हुनेछ। सम्बन्धित निकायबाट तलबी प्रतिवेदन पारित गराएर मात्र तलब, भत्ता वापतको रकम भुक्तानी गर्ने व्यवस्था मिलाउनु हुनेछ।

३९. चालु अनुदान अन्तर्गत विनियोजित रकमको बाँडफाँट गर्दा तलब, महँगी भत्ता, खाद्यान्न, पोशाक, घर भाडा, पानी, बिजुली र सञ्चार महसुलजस्ता अनिवार्य दायित्वमा पर्याप्त रकम छुट्याई बाँकी रकम अन्य सेवा र कार्यका लागि बाँडफाँट गर्नु/गराउनु हुनेछ। अनिवार्य दायित्व वापत बाँडफाँट कम गरेको कारणबाट सिर्जित दायित्वका लागि रकमान्तर र थप निकासा हुने छैन। साथै यस्तो दायित्व पछिल्ला आर्थिक वर्षमा सार्ने गरी भुक्तानी दिन बाँकी समेतमा राख्न पाइने छैन।

नेपाल सरकार
# अर्थ मन्त्रालय

सिंहदरबार, काठमाडौं
नेपाल ।

पत्र संख्या :-
च. नं. :-

४०. पूँजीगत खर्च तथा वित्तीय व्यवस्थातर्फ विनियोजित रकम चालु खर्चमा र पूँजीगत अनुदानमा विनियोजित रकम चालु अनुदानमा रकमान्तर गर्न पाइने छैन।

४१. सःशर्त अनुदानमा विनियोजित रकम प्रतिवद्ध खर्चका लागि पर्याप्त छुट्याई तोकिएका कार्यक्रमका लागि खर्च गर्नुपर्नेछ। आर्थिक वर्षभित्र खर्च भई बाँकी रहेको रकम सोही आर्थिक वर्षभित्र फिर्ता गर्नु पर्नेछ।

४२. नगद कारोबार गर्दा हुन सक्ने जोखिम कम गर्नको लागि निर्माण व्यवसायी, आपूर्तिकर्ता, सेवाप्रदायक र परामर्शदातालाई अनिवार्य रूपमा सम्बन्धितको बैंक खातामा भुक्तानी गर्ने व्यवस्था मिलाउनु हुनेछ। तलब भत्ता, औषधि उपचार, उपदान, सञ्चित विदा र सामाजिक सुरक्षा भत्ताको रकम लगायत सबै प्रकारका भुक्तानीहरू सोझै बैंक खातामार्फत सम्बन्धितलाई भुक्तानी गर्ने व्यवस्था मिलाउनु हुनेछ।

४३. स्वीकृत रकम एक बजेट उपशीर्षकबाट अर्को उपशीर्षक वा एक खर्च शीर्षकबाट अर्को खर्च शीर्षकमा, एउटा कार्यालयबाट अर्को कार्यालयमा रकमान्तर गर्नु परेमा घटाउने बजेट उपशीर्षक वा खर्च शीर्षकमा मन्त्रालयगत बजेट सूचना प्रणाली (LMBIS) मा नै रोक्का राखी रोक्का नम्बर सहितको रकमान्तर माग गर्नु/गराउनु हुनेछ।

४४. निर्माण स्थलको व्यवस्था, निर्माणस्थलबाट हटाउनु पर्ने रुख विरुवा लगायतका अन्य स्थायी संरचना हटाउने सुनिश्चितता, जग्गा प्राप्ति र प्रचलित कानुन बमोजिम गर्नुपर्ने वातावरणीय अध्ययनको प्रतिवेदन स्वीकृत लगायतका आयोजना पूर्व तयारीका कार्यहरू पूरा गरेर मात्र खरिद प्रक्रिया शुरू गर्नुपर्नेछ।

४५. नेपाल सरकारबाट जारी हुने सार्वजनिक खर्चमा मितव्ययिता कायम गर्ने सम्बन्धी मापदण्ड, २०७७ बमोजिम सार्वजनिक खर्चमा मितव्ययिता कायम गर्नु हुनेछ।

४६. कार्यालय सहयोगी र सवारी चालकको पदमा बाहेक अस्थायी, ज्यालादारी वा करारमा थप आर्थिक दायित्व पर्ने गरी नयाँ नियुक्ति गर्नु हुने छैन। कार्यक्रम खर्च शीर्षकबाट खर्च गर्ने गरी करारमा कर्मचारी राख्नु हुने छैन। करारमा राख्न सकिने पदको स्थायी दरबन्दी रिक्त भएको अवस्थामा फाजिलमा रहेका कर्मचारीबाट पदपूर्ति गर्न संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयमा लेखी पठाउनु हुनेछ। फाजिलमा रहेको कर्मचारीबाट पदपूर्ति हुन नसकेमा करारमा लिनु अघि अर्थ मन्त्रालयको सहमति लिनु हुनेछ।

४७. पानी, बिजुली, सञ्चार महसुल, घरभाडा, इन्धन, मर्मत खर्चहरू, मसलन्द तथा कार्यालय सामाग्री खर्च, भत्ता, तालीम, गोष्ठी, सेवा शुल्क, भ्रमण खर्च लगायतका प्रशासनिक खर्चमा अधिकतम रूपमा मितव्ययिता अपनाई खर्च गर्नु पर्नेछ।

टेलिफोन नं.:- बजेट म. ४२११८०१, प्रशासन म. ४२११७४८, ४२११३००, राजस्व व्य.म. ४२११८६७, अ.आ.स.स.म. ४२११८३७, आ.नि.वि.म. ४२११८२६
योजना, अनुगमन तथा मू.म ४२००५३७, कानून तथा फैसला का.म. ४२११८१३, वि.क्षे.व्य.सं.स.म. ४२११९९३. वित्तीय हस्तान्तरण म ४२११३१६
फ्याक्स नं. ४२११९६४, ४२११३४८ (बजेट म.) ४२११९६५ (अ.आ.स.स.म.)

नेपाल सरकार
अर्थ मन्त्रालय

सिंहदरबार, काठमाडौं
नेपाल ।

पत्र संख्या -

व न -४८. सरकारी खर्चमा सभा, सम्मेलन, गोष्ठी, सेमिनार, अन्तर्क्रिया जस्ता कार्यक्रम सञ्चालन गर्दा सरकारी निकायकै सभाहल प्रयोग गर्ने व्यवस्था मिलाउनु हुनेछ। सम्बन्धित संस्था वा सरकारी सभाहल उपलब्ध हुन नसक्ने अवस्थामा अधिकतम मितव्ययी हुने प्रकारले कार्यक्रम आयोजना गर्नु पर्नेछ।

४९. अत्यावश्यक अवस्थामा बाहेक नयाँ फर्निचर तथा कार्यालय सजावटका वस्तुहरू खरिद नगरी भएकोलाई मर्मत सम्भार गरी प्रयोग गर्नु हुनेछ। नयाँ/थप खरिद सम्बन्धी प्रस्ताव पेश गर्दा पूरानो तथा काम दिन नसक्ने अवस्थामा पुगेका फर्निचरको लिलाम अनिवार्य रूपले गर्नु हुनेछ। नयाँ स्थापना हुने कार्यालय बाहेक साबिकको कार्यालयका लागि थप फर्निचर तथा फिक्चर्स, कम्प्युटर, ल्यापटप, प्रिन्टर खरिद नगर्ने नीति अवलम्बन गर्नु हुनेछ।

५०. सार्वजनिक उपयोगका लागि जग्गाको मुआब्जा निर्धारण गर्दा मालपोत कार्यालयको रजिष्ट्रेशन प्रयोजनका लागि निर्धारण गरेको सरकारी मूल्याङ्कन समेतलाई आधार लिनु पर्नेछ।

५१. सरकारी कार्यालयहरूले सकेसम्म खाली भएका सरकारी भवनमा प्राथमिकता दिनु पर्नेछ। त्यस्तो हुन नसकेमा व्यापारिक क्षेत्र र प्रमुख मार्गमा घर बहालमा नलिने र न्यूनतम आवश्यकता र सुविधा भएको घर बहालमा लिनु पर्नेछ।

५२. विषयगत निकायमा रहेका जनशक्तिको अधिकतम उपयोग गर्नु पर्नेमा सो नगरी बाह्य निकाय/संस्था/व्यक्तिबाट परामर्शदाता नियुक्ति गरी कार्यसम्पादन गराउने प्रवृत्तिलाई निरुत्साहित गर्नु हुनेछ।

५३. कूटनीतिक महत्व र अन्तर्राष्ट्रिय सम्बन्धको कारण अनिवार्य रूपमा सहभागी हुनु पर्ने अन्तर्राष्ट्रिय सभा, सम्मेलन र अन्तर सरकारी बैठकमा मात्र सहभागी हुने व्यवस्था मिलाउन हुनेछ र सोको लागि लाग्ने खर्चको सम्बन्धमा अर्थ मन्त्रालयको पूर्व सहमति लिनु पर्नेछ ।

५४. स्वीकृत बजेट र कार्यक्रममा समावेश भएकोभन्दा बाहेक आर्थिक दायित्व सिर्जना हुने विषयमा निर्णय गर्दा वा नेपाल सरकार, मन्त्रिपरिषद्मा प्रस्ताव पेश गर्दा अनिवार्य रूपमा अर्थ मन्त्रालयको पूर्व सहमति लिएर मात्र गर्नु पर्नेछ।

**(ङ) वित्तीय पारदर्शिता, जवाफदेहिता र अनुगमन सम्बन्धी व्यवस्था**

५५. विनियोजन ऐन, आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, आर्थिक कार्यविधि नियमावली, सार्वजनिक खरिद ऐन तथा नियमावली, सार्वजनिक खर्चमा मितव्ययिता तथा प्रभावकारिता कायम गर्ने सम्बन्धी नीतिगत मार्गदर्शन र मापदण्ड लगायतका आर्थिक व्यवस्थापनसँग सम्बन्धित प्रचलित कानुनको पालना गराई वित्तीय अनुशासन कायम गर्नु/गराउनु हुनेछ।

टेलिफोन नं.:- बजेट म. ४२११८०१, प्रशासन म. ४२११७४८, ४२११३००, राजस्व व्य.म. ४२११८६७, अ.आ.स.स.म. ४२११८३७, आ.नि.वि.म. ४२११८२६
योजना, अनुगमन तथा मू.म ४२००५३७, कानून तथा फैसला का.म ४२११८१३, वि.क्षे.व्य.सं.स.म. ४२११९९३. वित्तीय हस्तान्तरण म ४२११३१६
फ्याक्स नं. ४२१११६४, ४२११३४८ (बजेट म.) ४२१११६५ (अ.आ.स.स.म.)
ईमेल admindivision@mof.gov.np वेव साईट : www.mof.gov.np

नेपाल सरकार
# अर्थ मन्त्रालय

सिंहदरबार, काठमाडौं
नेपाल ।

पत्र संख्या -
च न -

५६. वित्तीय व्यवस्था अन्तर्गतको बाहेक आर्थिक वर्षको अन्त्यमा असार २५ गतेभन्दा पछाडि पूर्व आन्तरिक लेखा परीक्षण नगरी कुनै पनि खर्च रकम भुक्तानी दिन पाइने छैन।

५७. बजेटको प्रभावकारी कार्यान्वयनको लागि समय सीमासहितको कार्ययोजना बनाई कार्यसम्पादन गर्ने व्यवस्था मिलाउनु हुनेछ।

५८. कार्यक्रम/आयोजनाको विस्तृत क्रियाकलाप, सम्पन्न गर्नुपर्ने अवधि र लागत, उपलब्धी सूचक र जिम्मेवार कर्मचारी सहितको आयोजना कार्यान्वयन कार्ययोजना (Project Implementation Action Plan) साउन १५ गतेभित्र तयार गरी आयोजनास्थलमा र सम्बन्धित मन्त्रालयको वेबसाइटमार्फत सार्वजनिक गर्नु हुनेछ।

५९. कार्यक्रम तथा आयोजना कार्यान्वयनका लागि मन्त्रालय/निकायले विभागीय प्रमुख र आयोजना प्रमुखसँग गरिएको कार्यसम्पादन सम्झौता अनुरूपका क्रियाकलापलाई निश्चित भार दिई वस्तुनिष्ट आधारमा कार्यसम्पादनस्तर मापन गरी पुरस्कार र सजायको व्यवस्था मिलाउनु पर्नेछ।

६०. निर्माण कार्यस्थलमा सो कामसँग सम्बन्धित विवरणहरू (आयोजनाको नाम, लागत, कार्य शुरू भएको मिति, कार्य सम्पन्न हुने मिति, ठेक्का अंक, ठेक्का लिनेको नाम तथा ठेगाना, काम सम्पन्न भएपछि हुने अपेक्षित परिमाण वा उपलब्धि) काम सम्पन्न नभएसम्म सर्वसाधारणको जानकारीका लागि सार्वजनिक गर्नुपर्नेछ।

६१. सरकारी कार्यालय र सारकारी अनुदान प्राप्त गर्ने निकायहरूको आम्दानी खर्चको विवरण मासिक रूपमा सार्वजनिकीकरण गर्ने व्यवस्था मिलाउनु हुनेछ।

६२. बजेट कार्यान्वयनको नियमित अनुगमन तथा समीक्षा गरी क्षेत्रगत उपलब्धी सूचक सहितको प्रगति विवरण, कार्यान्वयनमा आइपरेका समस्या र कारणहरू उल्लेख गरी राष्ट्रिय योजना आयोग र अर्थ मन्त्रालयमा पठाउने व्यवस्था मिलाउनु हुनेछ। प्रत्येक दुई दुई महिनामा अर्थ मन्त्रालयमा हुने बजेट कार्यान्वयन समीक्षामा सहभागी हुनु हुनेछ।

आर्थिक वर्ष २०७७/७८ को बजेटसँग सम्बन्धित प्रकाशनहरू यस मन्त्रालयको website: www.mof.gov.np मा हेर्न र डाउनलोड गर्न सकिनेछ।

(शिशिर कुमार ढुङ्गाना)
सचिव

श्री सचिवज्यू,
संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय,
सिंहदरवार, काठमाण्डौ।

टेलिफोन नं.:- बजेट म. ४२११८०१, प्रशासन म. ४२११७४८, ४२११३००, राजस्व व्य.म. ४२११८६७, अ.आ.स.स.म. ४२११८३७, आ.नि.वि.म. ४२११८२६ योजना, अनुगमन तथा मू.म ४२००५३७, कानून तथा फैसला का.म. ४२११८१३, वि.क्षे.व्य.सं.स.म. ४२११९९३. वित्तीय हस्तान्तरण म ४२११३१६
फ्याक्स नं. ४२१११६४, ४२११३४८ (बजेट म.) ४२१११६५ (अ.आ.स.स.म.)

नेपाल सरकार
# अर्थ मन्त्रालय

सिंहदरबार, काठमाडौं
नेपाल ।

पत्र संख्या -
च न -

संलग्नः

क) विनियोजन ऐन, २०७७ - १ प्रति

ख) आ.व. २०७७/७८ को व्यय अनुमान (खर्च शीर्षकगत र स्रोतगत समेत) - १ प्रति

ग) आ.व. २०७७/७८ को अन्तर सरकारी वित्तीय हस्तान्तरण (प्रदेश र स्थानीय तह) - १ प्रति

<u>बोधार्थः</u>

श्री महालेखा परीक्षकको कार्यालय, बबरमहल।

श्री प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, सिंहदरबार।

श्री राष्ट्रिय योजना आयोग, सिंहदरबार।

श्री महालेखा नियन्त्रक कार्यालय, अनामनगर।

श्री अर्थ मन्त्रालय, सबै महाशाखाहरू।

टेलिफोन नं.:- बजेट म. ४२११८०१, प्रशासन म. ४२११७४८, ४२११३००, राजस्व व्य.म. ४२११८६७, अ.आ.स.स.म. ४२११८३७, आ.नि.वि.म. ४२११८२६
योजना, अनुगमन तथा मू.म ४२००५३७, कानून तथा फैसला का.म ४२११८१३, वि.क्षे.व्य.सं.स.म. ४२११९९३. वित्तीय हस्तान्तरण म ४२११३१६